## सूचना ८

श्री ५ को सरकारले वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको उदयपुर जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग गठन गरेको छ।

(क) आयोगको गठनविधि:

(१) माननीय श्री कृष्णबहादुर मल्ल – अध्यक्ष
(२) श्री ५ को सरकारले तोकेको सह-सचिव वा अन्य अधिकृत कर्मचारी – सदस्य
(३) सम्बन्धित प्रमुख जिल्ला अधिकारी ”
(४) सम्बन्धित प्रमुख मालपोत अधिकृत सो नभएमा मालपोत अधिकृत ”
(५) सम्बन्धित जिल्ला वन नियन्त्रक ”
(६) सम्बन्धित प्रमुख नापी अधिकृत वा उप-प्रमुख नापी अधिकृत ”
(७) नेपाल पुनर्वास कम्पनीका सम्बन्धित जिल्लास्थित आयोजनाका प्रमुख ”
(८) सम्बन्धित क्षेत्रीय बसोबास प्रशासक – सदस्य-सचिव

(ख) आयोगले आवश्यक देखेमा सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरू सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सभापति वा उप-सभापति, सम्बन्धित गाउँ पञ्चायतका प्रधान पञ्च वा उप-प्रधान पञ्चलाई उपस्थित हुन आमन्त्रण गरिनेछ।

(ग) काम, कर्तव्य र अधिकार: (१) आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा तत्काल आयोगले जिल्लामा गई तीन हप्ता विस्तृत रूपमा अध्ययन निरीक्षण समेत गरी चौथो हप्तामा निम्नानुसार प्रतिवेदन प्रस्तुत गर्ने, तर यस्तो प्रतिवेदन पेश २०३८ को लगतको आधारमा गर्ने, नयाँ लगत खडा नगर्ने।

(२) यसैसाथ संलग्न उल्लेखित समस्याको अतिरिक्त अरू पनि थप वा भिन्नै प्रकारको समस्या छ, छैन।

(३) सर्वप्रथम विस्थापित परिवारको समस्या समाधान गर्ने प्रसंगमा सट्टाभर्ना निम्ति छुट्याइएको मात्र जग्गा सट्टाभर्ना दिन पर्याप्त छ, छैन बुझी नपुग भएमा कहाँबाट प्राप्त गर्न सकिन्छ, सो बुझ्ने र नयाँ जग्गा प्राप्त हुन नसकिने भएमा सट्टा निम्ति के कति परिमाणसम्म जग्गा दिने र नपुग जग्गाको निम्ति के कुन दरले मुआब्जा दिने हो खुलाई पेश गर्ने।

(४) वन जङ्गलभित्र अतिक्रमण गरी अव्यवस्थित बसोबास गरी बस्ने परिवारलाई वनक्षेत्रभित्रबाट बाहिर निकालेपछि नबसाई नहुने परिवारको निमित्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घरधुरीसम्मको कति जग्गा पहिले नै छुट्याइएको छ वा ऐलानी पर्ति छ र के कति दरले न्यूनतम परिमाणमा दिन सकिन्छ उल्लेख गर्ने र ऐलानी पर्ति जग्गामा भएको अतिक्रमणकारीहरूलाई हटाउने सम्बन्धमा पनि के कस्तो प्रतिक्रियाबाट गर्ने उल्लेख गर्ने ।

(५) एकको पूर्जा र अर्को ढालफाँड वा जोतको सम्बन्धी समस्या के कति छन् र तिनीहरूको समस्या समाधान कुन तरीकाबाट गर्ने ।

(६) अगाडिको आयोग वा समितिको निर्णय कार्यान्वयन गर्न बाँकीमा के कस्तो प्रक्रिया अपनाउने ।

(७) वनक्षेत्र भए तापनि प्रतिदिन शहरीकरण हुँदै गएको क्षेत्रमा रहेको अव्यवस्थित बसोबासलाई तत्काल हटाउन पर्ने हो होइन एकीन गरी हटाउन नसकिने स्थिति भएमा वनसीमा सार्न लगाई प्रचलित मूल्यको रकम लिई दर्ता गर्ने बारे ठोस सुझाव दिने ।

(८) उक्तबमोजिम काम, कर्तव्य सम्पन्न गर्न निम्नलिखित अधिकारमा थप के कस्तो कानूनी अधिकार चाहिने हुन्छ, प्रतिवेदन पेश गर्ने ।

(९) यसरी व्यवस्थित गरिने जग्गाको मोल तथा मालपोत उठाउने सम्बन्धमा अर्थ मन्त्रालयसंग समेत परामर्श गरी आधारहरू (नर्मस) प्रस्तुत गर्ने ।

(१०) आयोगबाट उपर्युक्तबमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो अनुसार आवश्यक थप कानूनी अधिकार प्रत्यायोजन गर्न तथा के कति परिमाणमा जग्गा सट्टाभर्ना दिने के कति मुआब्जा दिने वनक्षेत्रहरूबाट उठाइएका परिवारलाई के कति दिने इत्यादि सम्पूर्ण कार्यको सम्बन्धमा श्री ५ को सरकारको निर्णयार्थ पुनर्वास विभागले तत्काल पेश गर्ने ।

(११) प्रत्येक आयोगले आ-आफ्नो क्षेत्रमा विद्यमान समस्याहरूको औचित्यपूर्ण र व्यावहारिक ढङ्गबाट समयबद्ध रूपमा समाधान गर्दै जाने उद्देश्यले लक्ष्य समेत निर्धारण गरी कार्यक्रम तयार गरी पेश गरी सो स्वीकृत भएपछि छुट्टा छुट्टै किसिमका कार्यविधिहरू अपनाई कार्य गर्न सक्नेछ र यसको लागि आवश्यक अधिकार चाहिएमा तत्काल श्री ५ को सरकारमा पेश गरी निकासा भएबमोजिम गर्न सक्नेछ ।

(१२) उक्त दफा २ बमोजिम विशेष थप अधिकार एवं अन्य कुराको हकमा प्रतिवेदन प्राप्त भएपछि कार्यवाही गर्ने, तर हाललाई साबिक समितिले पाए सरह निम्नबमोजिमको कानून अनुसारको अधिकार आयोगको



९६० २३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्णय कार्यान्वयन गर्ने परिप्रेक्षमा आयोगको अध्यक्षले प्रयोग गर्ने गरी प्रदान गर्ने ।

(१३) ल्याण्ड-यूज म्याप श्री ५ को सरकारले स्वीकृत गरेर वन नै कायम गर्नुपर्ने ठहर भएका वनक्षेत्रमा अतिक्रमण गरी बसोबास गरेकाहरूलाई उठाई वन संरक्षित गर्ने ।

(१४) वनक्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उठाउँदा तिनीहरूलाईमध्ये अन्यत्र बसोबासको व्यवस्था नमिलाई दिई नहुने आश्रयहीन परिवार-हरूलाई निम्न अनुसारको जग्गामा व्यवस्थित रूपमा बसोबास गराउने दृष्टिकोण राख्ने ।

(क) सोही जिल्ला भूमिसुधारअन्तर्गत हदबन्दीभन्दा बढी भएका जफती जग्गा (मोही नलागेको) भए त्यसमा,

(ख) पर्ति जग्गालाई चार किल्ला सीधा सीमा निर्धारण गरी गाउँ पञ्चायत क्षेत्रमा भए चरणजस्तै सार्वजनिक र नगर पञ्चायत क्षेत्रमा भए पार्कजस्तै सार्वजनिक जग्गा राख्ने । बिक्री वितरण नगर्ने, यसरी सीधा सीमा निर्धारण गर्दा बाहिर परेका बाँकी पर्ति, ऐलानी र नदी उकास जग्गामा,

(ग) पुनर्वास कम्पनीले बसोबास गराउने कामको लागि वन विभागबाट प्राप्त गरेको जग्गामध्येबाट तोकिएका काममा लगाई बाँकी रहेको जग्गा ।

(१५) साबिक नम्बरी दर्ता भएका तर नापीमा छूट भएका छूट जग्गा दर्ता गर्ने अधिकार मालपोत ऐन नियमावली मालपोत विभागको स्वीकृति लिई मालपोत कार्यालयले गर्नसक्ने व्यवस्था भैरहेकोमा आयोग कार्यरत जिल्ला वा ठाउँमा सो अधिकार आयोगलाई दिइएको छ । तर सुरक्षित राख्नु पर्ने वन जङ्गलका जग्गालाई छूट जग्गा दर्ताका निहुबाट कसैका नाममा दर्ता गर्न नहुने वन जङ्गल नै कायम राख्नुपर्नेछ ।

(१६) अव्यवस्थित बसोबासलाई व्यवस्थित गराई जग्गा दर्ता गरी दिने सम्बन्धमा उपलब्ध जग्गामध्येबाट सबैलाई पुऱ्याउने दृष्टिकोण राखी एक परिवारलाई बढीमा १.५ (डेढ) विघासम्म र घटीमा कतिसम्म दिन उपयुक्त हुन्छ आयोगले ठहर गरी सम्बन्धित व्यक्तिको नाउँमा दर्ता गरी दिने ।

(१७) माथिका दफाहरूबमोजिम जग्गा दर्ता हुनेमा देहाय अनुसार जग्गाको मोल र मालपोत श्री ५ को सरकारले लिने । जग्गाको मूल्य र मालपोत भुक्तानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा सामान्यतया ५ वर्षभित्र ५ किस्तामा बुझाउनु पर्ने, तर जग्गा प्राप्त गर्ने व्यक्तिको आर्थिक स्थितिले गर्दा भुक्तानी गर्न क्षमता नभएकोमा आयोगले स्पष्ट रूपमा कैफियत जनाई बढीमा १० वर्षभित्र १० किस्तामा भुक्तानी दिन पाउने गरी ठहर गरी दिन सक्नेछ।

मोल (दर्ता दस्तूर) सम्बन्धमाः

(क) पहिले नै चलन पूर्जी पाई माग गरेको व्यक्तिहरूलाई श्री ५ को सरकारले उसै बखत बसाई सकेका हुनाले निजहरूलाई अतिक्रमणकारी भन्न नमिल्ने हुँदा त्यस्ता चलन पूर्जी पाइसकेका व्यक्तिहरूले भोग गरेको जग्गा र नापी हुँदाकै बखत आवादी भएको फिल्डबुकमा समेत कतै उल्लेख भैसकेका त्यस्ता व्यक्तिबाट वा त्यस्ता व्यक्तिले छोडपत्र गरी लिने व्यक्तिबाट मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गर्न प्रमाणको लागि मूल्याङ्कन भएको न्यूनतम मूल्यको ३० प्रतिशत मूल्य लिने।

(ख) पर्ति तथा अन्य आवाद नभएका जग्गाहरू र वनक्षेत्रको जग्गा अतिक्रमण भएका वा पछि वनसिमाना सारेपछि खाली गरिएका जग्गामा अतिक्रमण भएको गा. पं. क्षेत्रको जग्गाको हकमा त्यस्ता व्यवस्थित गरिने परिवार-हरूको नाउँमा जग्गा दर्ता गर्दा मालपोत कार्यालयबाट निर्धारण गरिएको न्यूनतम मूल्यको ५० प्रतिशत मूल्य लिने।

(ग) शहरी क्षेत्रको यस किसिमको बसोबासलाई व्यवस्थित गर्न खण्ड (क) बमोजिम जग्गाको हकमा तोकिएका न्यूनतम मूल्यको ६० प्रतिशत र खण्ड (ख) को जग्गाको हकमा तत न्यूनतम मूल्य बराबरको मूल्य लिने।

जग्गाको मूल्य असूल गर्दा खण्ड (क) को हकमा ३ वर्षभित्र ३ किस्तामा खण्ड (ख) र (ग) को हकमा ५ वर्षभित्र ५ किस्तामा असूल गर्ने।

न्यूनतम मूल्याङ्कनको प्रयोजनको लागि आयोगले दर्ता गर्न निर्णय गरेको मितिमा जुन मूल्याङ्कन कायम छ, सोहीबमोजिम गर्ने। एकमुष्ट रकम चुक्ता बुझाउनेलाई २० प्रतिशत मिनाहा दिने।

मालपोत

मालपोतको हकमा सम्बन्धित जिल्लामा मालपोत ऐन लागू भएको सालमा भोग गरेको सालको आधारमा बढीमा ५ वर्षदेखि लिने।

९६२ (४६)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस्ता मोल मालपोतको सम्बन्धमा दर्ता भएपछि दर्ता गर्ने कार्यालयले मोल कति लिनु पर्ने हो र कति किस्तामा लिनु पर्ने साथै मालपोत कुन साल देखि असूल गर्नु पर्ने हो व्यक्तिको नामसहितको फाँटवारी लेखी पठाउनुपर्छ र मालपोत कार्यालयले पनि सोहीबमोजिम असूल गर्नुपर्छ ।

(१८) बसोबास व्यवस्थित गर्ने सिलसिलामा एकजनाको नाउँको पूर्जाको जग्गामा अरूले जोती कमौद गरिरहेकोले खिचोला भैरहेकोमा कानून तथा वास्तविकता दुवै स्थितिलाई हेरी औचित्य एवं सामाजिक न्यायको आधारमा समस्याको समाधानको लागि आवश्यक तथ्याङ्क एवं विवरण राखी आयोगले वन तथा भू-संरक्षण मन्त्रालयमा सिफारिश प्रस्तुत गर्ने ।

(१९) आयोगले काम गर्दा २०३८ सालसम्मको लगतको आधारमा गर्ने भन्ने पहिलेको निर्णयमा उल्लेख भएकोमा त्यस्तो लगत नभएको स्थितिमा आयोगले नै लगत सम्पादन गरी कारवाही गर्ने ।

(२०) आयोगले काम गर्दा समाधान गर्न सजिलो किसिमको कामहरू पहिले सम्पन्न गर्ने दृष्टिकोण राख्ने । निम्न क्रममा समस्याहरूको समाधान गर्ने काम सम्पन्न गर्दै जाने ।

(क) बसोबास गराई सकेकाहरूको नाउँमा जग्गा दर्ता गरी लालपूर्जा वितरण नभएको ।

(ख) श्री ५ को सरकारको निर्णयानुसार बसोबास गर्ने काम अधूरो रहेको ।

(ग) बसोबासको जग्गालाई ४ विघाबाट १.५ विघा र त्यसपछि १० कठ्ठा गरी क्रमिक रूपमा घटाएबाट उत्पन्न समस्या ।

(घ) बाढीपीडितहरूको बसोबास समस्या ।

(ङ) अतिक्रमण समस्या ।

(घ) <u>आयोगको काम र निर्णय कार्यान्वयन गर्नेः</u>– आयोगको सचिवालयसम्बन्धी काम र निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित क्षेत्रीय बसोबास कार्यालयको हुनेछ ।

(ङ) <u>श्री ५ को सरकारसंग सम्पर्कः</u>– आयोगले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

(च) (१) आयोगको कार्य अवधि २०४५ आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस आयोगको कार्यक्षेत्र सम्बन्धित जिल्ला हुनेछ ।

यसभन्दा अघि उक्त जिल्लामा बसोबाससम्बन्धी काम गर्न गठित समिति खारेज गरिएको छ ।

९६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।